दुईवटा यस्ता वरदानहरू छन्, (जसको सही कदर नगरेर धेरैजसो) मानिसहरू ठूलो घाटामा परिरहेका छन्: एउटा स्वास्थ्य र अर्को फुर्सदको समय।

अब्दुल्लाह बिन अब्बास (रजियल्लाहु अन्हुमा) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ: "दुईवटा यस्ता वरदानहरू छन्, (जसको सही कदर नगरेर धेरैजसो) मानिसहरू ठूलो घाटामा परिरहेका छन्: एउटा स्वास्थ्य र अर्को फुर्सदको
समय।"
[सही] [बुखारीले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले अल्लाहका दुईवटा ठूला वरदानहरूको बारेमा बताउनुभएको छ, जसको सही कदर नगरेर धेरै मानिसहरू घाटा बेहोर्छन्। मानिसहरूले यी वरदानहरूलाई गलत ठाउँमा बर्बाद गर्छन्। यदि कुनै व्यक्तिसँग राम्रो स्वास्थ्य र फुर्सदको समय दुवै छ, तर आलस्यको कारण उसले अल्लाहको भक्ति गर्दैन भने, ऊ ठूलो घाटामा छ र धेरैजसो मानिसको हालत यस्तै छ। यसको विपरीत, जसले आफ्नो स्वास्थ्य र फुर्सदको समयलाई अल्लाहको मार्गमा लगाउँछ, ऊ नै वास्तवमा फाइदामा रहन्छ। यो संसार आखिरतका लागि खेती गर्ने ठाउँ हो र यहाँ गरिएको व्यापार (सत्कर्म) को लाभ आखिरतमा देखिनेछ। याद राखौँ, फुर्सदपछि व्यस्तता आउनेछ र स्वास्थ्यपछि रोग आउनेछ; र अरू केही नभए पनि बुढ्यौली त आउने नै छ, जुन समझदार व्यक्तिले बुझ्नका लागि काफी छ।

https://sunnah.global/hadeeth/ne/show/5449